# स्थानीय राजपत्र

**खण्ड २) गोल्जुङबेशी रसुवा मिति २०८२।१२।०७ (संख्या १०)**

## भाग-२

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान कार्यविधि, २०८२ बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

CamScanner

# कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान कार्यविधि, २०८२

**गाउँसभाबाट स्विकृत मितिः २०८२।१२।०५**

**प्रस्तावनाः**

आमाछोदिङमो गाउँपालिका वडा नं. ३ स्थित गतलाङ गाउँको ऐतिहासिक 'कालो गाउँ' को मौलिक पहिचान जोगाउन, भूकम्पपश्चात निर्मित विभिन्न रङका जस्तापाताका छानाहरूलाई विस्थापित गरी परम्परागत काठको छानो (पाङलिप) तथा कालो रङको आधुनिक निर्माण सामग्रीद्वारा छानो प्रतिस्थापन गर्न र यस क्षेत्रलाई विश्वस्तरको पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आमाछोदिङमो गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद—१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम: "कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान कार्यविधि, २०८२" रहनेछ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

(क) "परम्परागत घर" भन्नाले ढुङ्गाको गाह्रो र काठको छानो (पाङलिप) भएको मौलिक तामाङ वास्तुकला झल्कने घर सम्झनु पर्छ ।

(ख) "पाङलिप" भन्नाले स्थानीय प्रविधि अनुसार काठलाई चिरेर तयार पारिएको घर छाउने फलेक सम्झनु पर्छ ।

(ग) "आधुनिक निर्माण सामग्री" भन्नाले कालो रङको जस्तापाता वा UPVC पाता वा अन्य रेडिमेड पाता जसले घरको छाना छाउनको लागि प्रयोग सकिने खालको आधुनिक निर्माण सामग्री सम्झनु पर्छ ।

(घ) "घरधनी" भन्नाले वडा नं. ३ मा स्थायी बसोबास भई वडाको घरधुरी अभिलेखमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका भन्ने जनाउँछ ।

(च) "वडा कार्यालय" भन्नाले आमाछोदिङमो गाउँपालिका ३ नं वडा कार्यालय भन्ने जनाउँदछ ।

(छ) "सरकारी भवन" भन्नाले सरकारी कार्यालयहरुको भवनहरु बुझिनेछ ।

(ज) 'सामुदायिक भवन" भन्नाले समुदायस्तरमा स्थापना भएका सामुदायिक भबनहरु बुझिनेछ ।

## परिच्छेद—२

## योग्यता, छनोट तथा सीमा

### ३. अनुदान प्राप्तिको योग्यता र सर्तहरू:

(क) निवेदक आमाछोदिङमो वडा नं. ३ को स्थायी बासिन्दा हुनुपर्नेछ ।

(ख) घर अनिवार्य रूपमा वडा कार्यालयको लगत अभिलेखमा दर्ता भएको हुनुपर्नेछ ।

(ग) "एक घरधनी, एक अनुदान" कुनै पनि घरधनीले आफ्नो नाममा दर्ता भएका धेरै घरहरू भए तापनि एउटा मात्र घरको लागि यो अनुदान प्राप्त गर्न सक्नेछन् ।

(घ) कालो रङ र डार्क ग्रे रङ बाहेकका जस्तापाता वा अन्य आधुनिक निर्माण सामग्री प्रयोग गरिएका छानाहरू पूर्ण रूपमा हटाई मौलिक पाङलिप वा कालो रङको आधुनिक निर्माण सामग्रीको प्रयोग गर्नुपर्नेछ ।

CamScanner

**४. प्राथमिकता क्रमः**

विनियोजित बजेटबाट सबैलाई एकै आर्थिक वर्षमा अनुदान उपलब्ध गराउन नसकिने गरी निवेदन सङ्ख्या धेरै भएमा पर्यटकीय पदमार्गमा पर्ने घरहरू, आर्थिक रूपमा विपन्न परिवार र ज्येष्ठ नागरिकका घरहरूलाई प्राथमिकता दिइनेछ र अन्य घरहरूलाई क्रमशः अन्य आर्थिक वर्षमा अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद—३

## लागत साझेदारी र आर्थिक व्यवस्थापन

**५. लागत साझेदारीको मोडेलः**

(क) यस कार्यक्रम अन्तर्गत घरको छानो निर्माण गर्दा लाग्ने कुल लागतको साठी प्रतिशत (६०%) रकम गाउँपालिकाले अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

(ख) बाँकी चालिस प्रतिशत (४०%) लागत घरधनी आफैंले श्रमदान वा नगद लगानी मार्फत व्यहोर्नु पर्नेछ ।

ग) माथी (क) र (ख) मा जनुसुकै कुरा उल्लेख भए पनि पाङलिपको छाना छाउने घरधुरीलाई भने ८०% अनुदान उपलब्ध गराईनेछ ।

**६. लागत दर निर्धारण (**Technical Rate Analysis ):

प्राविधिक अनुमान अनुसार, १० मिटर लम्बाई र ४ मिटर चौडाई भएको घरको छानो (Slanted Roof) को क्षेत्रफल र काठको काम गर्दा:

**७. अनुमानित प्रति वर्गमिटर लागतः** रु. १,८०० देखि रु. २,२०० सम्म (स्थानीय सामग्री र श्रम अनुसार) ।

**८. औसत घरको लागतः** प्रति घर करिब रु. ७५,००० देखि रु. ९०,००० सम्म (छानाको झुकाव र काठको गुणस्तर अनुसार) ।

आमाछोडिङमो स्थानीय राजपत्र

CamScanner

**९. अनुदान सीमाः** प्राविधिकले मूल्याङ्कन गरेको बिलको बढीमा ६०% मात्र भुक्तानी गरिनेछ ।

## परिच्छेद—४ः

## विशेष लक्षित वर्गका लागि 'पूर्ण अनुदान' व्यवस्था

**१०. विशेष लक्षित वर्गको पहिचानः** देहायका अवस्था भएका घरधनीहरूलाई यो कार्यविधि अन्तर्गत विशेष लक्षित वर्ग मानिनेछः (क) 'क' वर्गको रातो कार्ड प्राप्त गरेका पूर्ण अपाङ्गता भएका व्यक्ति वा उसको परिवार ।

(ख) घरमा कुनै पनि आयस्रोत वा रोजगारी नभएका अति विपन्न एकल महिला ।

(ग) स्थानीय सरकारको गरिब घरधुरी पहिचान पत्र प्राप्त गरेका अत्यन्तै न्यून आय भएका परिवार ।

**११. पूर्ण अनुदान (१००%) सम्बन्धी व्यवस्थाः** (क) दफा १० मा उल्लेखित विशेष लक्षित वर्गका घरधनी तथा सरकारी र सामुदायिक भवनहरूको हकमा घरको छानो छाउँदा लाग्ने कुल लागतको सय प्रतिशत (१००%) रकम गाउँपालिकाले अनुदान स्वरूप उपलब्ध गराउनेछ । यस्तो अवस्थामा घरधनीले लागत साझेदारी बेहोर्नु पर्ने छैन ।

(ख) यो सुविधा प्राप्त गर्नका लागि सम्बन्धित वडा कार्यालयले निजको आर्थिक अवस्था र अपाङ्गता/एकल महिला प्रमाणित हुने कागजातको आधारमा "अति विपन्न तथा विशेष संरक्षण योग्य" भनी कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(ग) यस्ता घरधनीहरूको हकमा श्रमदान गर्न नसक्ने अवस्था भएमा वडा कार्यालयले नै आवश्यक दक्ष तथा अदक्ष कामदारको व्यवस्था गरी कार्य सम्पन्न गराउन सक्नेछ ।

**१२. विशेष प्राथमिकताः** बजेट अभाव भई सबै घरधुरीलाई एकै पटक समेट्न नसकिने अवस्था आएमा, दफा १० बमोजिमका लक्षित वर्गका घरधनीहरूलाई पहिलो प्राथमिकतामा राखी योजना कार्यान्वयन गरिनेछ ।

CamScanner

## परिच्छेद—५

## योजना कार्यान्वयन प्रक्रिया

**१३. सूचना प्रकाशन र आवेदन प्रक्रियाः** (क) गाउँपालिका वा वडा कार्यालयले यो कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न इच्छुक घरधनीहरूका लागि कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(ख) निवेदन दिँदा घरधनीले देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. जग्गाधनी प्रमाण पुर्जा (लालपूर्जा) को प्रतिलिपि वा घर कायम भएको प्रमाण ।

३. वडा कार्यालयमा घरधुरी दर्ता भएको प्रमाण/नम्बर ।

४. घरको वर्तमान अवस्था देखिने फोटो (जस्तापाताको छानो स्पष्ट देखिने गरी) ।

५. पूर्ण अनुदान प्राप्त गर्ने वर्गको हकमा अपाङ्गता परिचय पत्र वा एकल महिला/अति विपन्न प्रमाणित हुने कागजात ।

६. वडा कार्यालयमा भूमीकर र सम्पत्तिकर तिरेको निस्सा ।

**१४. निवेदनको छानबिन र घरधनी छनोटः**

(क) प्राप्त निवेदनहरूको वडा कार्यालयले स्थलगत वस्तुस्थिति बुझी "एक घरधनी, एक अनुदान" को नियम पालना भए नभएको यकिन गर्नेछ ।

(ख) वडासमितिले योग्य ठहरिएका घरधनीहरूको नामावली प्राथमिकता क्रम तयार गरी कुन बर्गको अनुदान पाउने घरधुरी हो सो समेत खुलाई स्वीकृतिका लागि गाउँकार्यपालिकामा पठाउनु पर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

(ग) गाउँकार्यपालिकाबाट स्वीकृत नामावलीका आधारमा वडा कार्यालयले सम्झौताका लागि सूचना जारी गर्नु पर्नेछ ।

**१५. लागत अनुमान र सम्झौताः** (क) छनोट भएका घरधनीको घरको छानोको क्षेत्रफलका आधारमा गाउँपालिकाका प्राविधिकले जिल्ला दररेट वा गाउँपालिका भित्रका योजना कार्यक्रम सञ्चालन गर्दा प्रयोग हुने दररेटको आधारमा लागत अनुमान तयार गर्नेछन् ।

(ख) लागत अनुमान तयार भएपछि घरधनी र गाउँपालिका/वडा कार्यालयबीच अनुसूची–३ बमोजिमको सम्झौता गरिनेछ । (सम्झौतामा घरधनीले बेहोर्ने ४०% र गाउँपालिकाले बेहोर्ने ६०% वा विशेष वर्गको हकमा १००%) रकम स्पष्ट खुलाइनेछ ।

**१६. निर्माण कार्य र प्राविधिक मार्गदर्शनः** (क) सम्झौता भएपछि घरधनीले आफ्नै व्यवस्थापनमा कालो रङ बाहेकका जस्तापाता हटाई वा छोपि 'पाङलिप' वा कालो रङको आधुनिक निर्माण सामग्रीबाट छानो छाउने कार्य सुरु गर्नुपर्नेछ ।

(ख) काठको छनोट, फलेकको आकार र छानो छाउने परम्परागत प्रविधिका बारेमा गाउँपालिकाका प्राविधिक वा स्थानीय विज्ञले आवश्यक प्राविधिक सल्लाह उपलब्ध गराउनेछन् ।

(ग) निर्माण कार्य गर्दा परम्परागत घरको मौलिक बनोटलाई प्राथमिकता दिनु पर्नेछ भने अनुदान प्राप्तीमा समेत परम्परागत तथा मौलिक घरहरू र पाङलिपको छानोलाई प्राथमिकतामा राखिनेछ ।

**१७. कार्य सम्पन्न प्रतिवेदन र नापजाँचः** (क) निर्माण कार्य सम्पन्न भएपछि घरधनीले वडा कार्यालयमा 'कार्य सम्पन्न प्रतिवेदन' पेश गर्नुपर्नेछ ।

(ख) सूचना प्राप्त भएको ७ दिनभित्र गाउँपालिकाका प्राविधिकले स्थलगत नापजाँच गरी वास्तविक खर्चको विवरण तयार गर्नेछन् ।

CS CamScanner

(ग) प्राविधिकले प्रतिवेदनमा "कार्यविधि बमोजिम मौलिक स्वरूप कायम भएको र पाङलिपको प्रयोग भएको" वा कालो रङ वा ग्रे रङको आधुनिक निर्माण सामग्री भनी स्पष्ट प्रमाणित गर्नुपर्नेछ ।

**१८. अनुगमन र अन्तिम सिफारिसः** (क) प्राविधिक नापजाँच पश्चात वडा स्तरीय अनुगमन समितिले पहिलो चरणको निरीक्षण गरी भुक्तानीका लागि गाउँपालिकामा फाइल पठाउनेछ । गाउँपालिका स्तरीय एकीकृत अनुगमन समितिले अन्तिम सुपरिवेक्षण गरी कार्यविधि र सम्झौता बमोजिम काम भएको पाइएमा मात्र भुक्तानीका लागि अन्तिम सिफारिस गर्नेछ ।

**१९. अनुदान रकम हस्तान्तरणः** (क) दुवै तहको अनुगमन समितिको सिफारिस र प्राविधिक प्रतिवेदनका आधारमा स्वीकृत अनुदान रकम (कुल लागतको ६०% वा ८०% विशेष वर्गको हकमा १००%) सिधै सम्बन्धित घरधनीको बैंक खातामा रकम भुक्तानी गरिनेछ भने सरकारी तथा सामुदायिक भवनहरुको कूल लागत बराबरको शतप्रतिशत रकम कार्यक्रमबाटै भुक्तानी गरिनेछ ।

(ख) यदि कसैले कार्यविधि विपरीत कार्य गरेको पाइएमा रकम भुक्तानी गरिने छैन ।

(ग) गाउँपालिकाबाट भुक्तानी दिंदा नियमानुसार लाग्ने करहरु कट्टि गरि बाँकी रकम मात्र घरधनीको खातामा जम्मा गरिनेछ ।

## परिच्छेद— ६

## अनुगमन, मूल्याङ्कन तथा भुक्तानी प्रक्रिया

**२०. अनुगमन समितिको गठनः** यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम र पारदर्शिताका लागि देहाय बमोजिमका दुई तहका समितिहरू रहनेछन्:

CS CamScanner

(**क) वडा स्तरीय कार्यान्वयन तथा अनुगमन समितिः** यस समितिले योजनाको प्रारम्भिक छनोट, कार्य प्रगति निरीक्षण र स्थानीय स्तरमा समन्वय गर्नेछ ।

- वडा अध्यक्ष — **संयोजक**
- वडा सदस्य (वडाले तोकेको) — **सदस्य**
- वडाको प्राविधिक — **सदस्य**
- वडा सचिव — **सदस्य-सचिव**

(**ख) गाउँपालिका स्तरीय एकीकृत अनुगमन तथा सुपरिवेक्षण समितिः** यस समितिले कार्य सम्पन्न भएपश्चात अन्तिम निरीक्षण गरी भुक्तानीका लागि सिफारिस गर्नेछ ।

- गाउँपालिका उपाध्यक्ष — **संयोजक**
- प्रमुख प्रशासकीय अधिकृत — **सदस्य**
- गाउँपालिकाले तोकेको प्राविधिक (इन्जिनियर/सव-इन्जिनियर) — **सदस्य**
- सम्बन्धित वडाको वडा अध्यक्ष — **सदस्य**
- योजना शाखा प्रमुख/ प्रतिनिधि — **सदस्य-सचिव**

**२१. अनुगमनको कार्यविधि र प्रक्रियाः** (१) दोस्रो पक्ष (घरधनी) ले कार्य सम्पन्न गरेपछि वडा स्तरीय समितिले स्थलगत निरीक्षण गरी कार्यविधि बमोजिम 'पाङलिप' वा कालो रङको आधुनिक निर्माण सामग्रीको प्रयोग भए नभएको र मौलिकता कायम भए नभएको प्रतिवेदन तयार गर्नेछ ।

(२) वडाको प्रतिवेदन प्राप्त भएपछि गाउँपालिका स्तरीय अनुगमन समितिले आकस्मिक वा नियमित स्थलगत सुपरिवेक्षण गर्नेछ ।

CamScanner

**२२. भुक्तानीका लागि अनिवार्य सिफारिसः**(१) घरधनीलाई अनुदान रकम भुक्तानी गर्नुअघि गाउँपालिका स्तरीय अनुगमन समितिले कार्य सम्पन्न भएको र मापदण्ड पुरा भएको भनी लिखित सिफारिस गर्नुपर्नेछ ।

(२) गाउँपालिका स्तरीय अनुगमन समितिको सकारात्मक सिफारिस र प्राविधिकको अन्तिम नापजाँच बिना कुनै पनि किस्ता वा अन्तिम भुक्तानी गरिने छैन ।

(३) विशेष लक्षित वर्ग (पूर्ण अनुदान पाउने) को हकमा अनुगमन समितिले निजको वास्तविक अवस्था र कार्यको गुणस्तरलाई विशेष ध्यान दिई सिफारिस गर्नेछ ।

**२३. सार्वजनिक परीक्षण**: योजना सम्पन्न भएपछि वडा कार्यालयले कति घरधुरीले अनुदान पाए र कति रकम खर्च भयो भन्ने विवरण सार्वजनिक सूचना पाटीमा टाँस गरी सार्वजनिक परिक्षण समेत गर्नुपर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

अनुसूची-१

आवेदन फाराम

श्री कार्यालय प्रमुख ज्यू,

३ नं वडा कार्यालय

आमाछोदिङमो गाउँपालिका, रसुवा

**विषयः कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान कार्यक्रममा सहभागी गराइदिनुहुन।**

**महोदय,**

उपरोक्त सम्बन्धमा **कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान** कार्यक्रम अन्तर्गत त्यस कार्यालयबाट मिति ........................मा प्रकाशित सूचना बमोजिम **कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान** कार्याविधि, २०८२ को परिच्छेद २ को लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र म निवेदक पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरलाई **कालो गाउँ (गतलाङ) सम्पदा संरक्षण तथा मौलिक घर पुनरुत्थान** कार्यक्रममा सहभागी हुने व्यवस्था मिलाइदिनुहुनको लागि तपसिलका कागजातहरु यसै निवेदनसाथ संलग्न गरी यो आवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण सही छ, झुठ ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

१) नाम/थरः

२) बुवा/पतिको नामः

३) बाजे / ससुराको नामः

४) परिवार संख्याः सम्पर्क फोन नं.:

५) ठेगानाः- ...........जिल्लाः ................. गा.पा. .............वडा नम्बरः......गाउँ/टोलः

६) परिवार सङ्ख्या बमोजिमको नाम, उमेर र घरमुलीसङ्गको सम्बन्ध यसै आवेदनको अन्तिम भाग (खाली ठाउँ) मा उल्लेख गर्ने।

CamScanner

७) घर जग्गाको विवरण (एकाघरमा रहेका सबै परिवारको नाममा रहेको घर र जग्गा)

..........................................................................................................

.......

८) घरसंग जोडिएको जग्गाको क्षेत्रफलः

९) अन्यत्र जग्गा भए सो को क्षेत्रफलः

१०) आवेदकको कुनै बैङ्कमा खाता भए उल्लेख गर्नेः

बैङ्कको नामः

बैङ्कको शाखाः

खाता नं.:

(बैङ्कको चेकको फोटो वा प्रतिलिपि अनिवार्य पेश गर्ने)

आवेदकको औंठाको छाप

आवेदकको

दस्तखतः

नोट :

क) एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यलाई सगोलका परिवार मानिने छ। खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकालाई सगोलका परिवार मानिँदैन। एउटा सगोलको परिवारले एउटा फाराम मात्र भर्न पाइनेछ। झुट्टो विवरण पेश गरेको पाइएमा यो कार्यक्रमबाट हटाई कानूनी कारवाही गरिनेछ ।

**आवश्यक कागजातहरुः**

- आवेदक वा घरमुलीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

CamScanner

- जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि वा विगतदेखि त्यस स्थानमा आवास / स्थानीय बसोबास गर्दै आएको र घर जग्गाको तिरो कर बुझाएको प्रमाण प्रतिलिपि ।
- अंशवण्डा / छुट्टिएको प्रमाण/सिफारिस कागजात ।
- लक्षितवर्गभित्र पर्ने प्रमाण खुल्ने कागजात ।
- अन्य आवश्यक कागजात ।

आमाछोदिङमो स्थानीय राजपत्र

## अनुसूची– २

### लागत साझेदारी र घरधुरीको प्रक्षेपण

आर्थिक वर्ष २०८२।०८३ को लागि कुल घरधुरी ३०० अनुमान गरी ७५ लाखको सीमाभित्र रही प्रति घर औसत हिसाब निम्नानुसार गरिएको छ ।

CamScanner

| विवरण | प्रति घर हिसाब (अनुमानित) | ३०० घरधुरीको लागि कुल |
|---|---|---|
| कुल लागत (१००%) | | |
| पालिका अनुदान (६०%) | | |
| घरधनीले बेहोर्ने (४०%) | | |
| | | |

## अनुसूची—३

## घरको सामान्य परम्परागत नक्साको व्याख्या

यस कार्यविधि अन्तर्गत निर्माण हुने घरहरूको बाह्य स्वरूप निम्नानुसार हुनुपर्नेछः

१. जग र गाह्रोः स्थानीय ढुङ्गा र माटोको जोडाई वा ढुङ्गाको मात्रै जोडाई ।

२. छानाको संरचना: परम्परागत मोडलको छानो

३. छानाको सामाग्रीः पाङलिप वा कालो देखिने गरी प्रशोधित आधुनिक निर्माण सामग्री ।

४. ढोका र झ्यालः मौलिक काष्ठकला भएका झ्याल र ढोका ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

## अनुसूची — ४

## विस्तृत अनुदान सम्झौता पत्र

मिति ........................... गतेका दिन आमाछोदिङमो गाउँपालिका (यसपछि "प्रथम पक्ष" भनिएको) र घरधनी ........................................ को नाति/नातिनी ....................................को छोरा/छोरी ........................... नागरिकता .....................नम्बर/राष्ट्रिय परिचय पत्र नम्बरका आमाछोदिङमो गाउँपालिका वडा नं ३ को घरधुरी दर्ता नं ........... का ....................................... (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच 'कालो गाउँ (गतलाङ) संरक्षण कार्यविधि, २०८२' को अधिनमा रही देहायका सर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छः

### १. सम्झौताको उद्देश्यः

भूकम्प पश्चात विग्रिएको गतलाङ गाउँको मौलिक स्वरूपलाई पुनः कायम गर्न जस्तापाताको छाना हटाई छोपि परम्परागत काठको छानो (पाङलिप) वा कालो रङको आधुनिक निर्माण सामग्री लगाउन र सो कार्यका लागि कार्यविधि बमोजिम पचास प्रतिशत अनुदान उपलब्ध गराउनु यस सम्झौताको मुख्य उद्देश्य हो ।

### २. मुख्य सर्तहरूः

(क) "एक घरधनी, एक अनुदान" नीतिः दोस्रो पक्षले आफ्नो स्वामित्वमा रहेका घरहरू मध्ये यो अनुदान एउटा मात्र घरको लागि प्रयोग गर्न पाउनेछ । दोस्रो पटक वा अन्य घरका लागि दाबी गर्न पाइने छैन ।

(ख) मौलिकताको पालनाः घरको छानो छाउँदा अनिवार्य रूपमा स्थानीय तामाङ वास्तुकला झल्कने गरी 'पाङलिप' (काठको फलेक) वा कालो रङको आधुनिक निर्माण सामग्रीको प्रयोग गर्नुपर्नेछ । कालो रङ बाहेकका जस्तापाता वा अन्य आधुनिक सामग्री बाहिरबाट देखिने गरी प्रयोग गर्न पाइने छैन ।

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

(ग) लागत साझेदारीः प्राविधिकले मूल्याङ्कन गरेको कुल लागतको पचास प्रतिशत (६०%) रकम प्रथम पक्षले बेहोर्नेछ भने बाँकी पचास प्रतिशत (४०%) लागत दोस्रो पक्षले नगद वा श्रमदान मार्फत व्यहोर्नुपर्नेछ । तर पाङलिपबाट छाना छाउने घरधुरीलाई ८०% अनुदान उपलब्ध गराईनेछ ।

**३. कार्य अवधि र प्रक्रियाः**

(क) दोस्रो पक्षले यो सम्झौता भएको मितिले ..................... महिनाभित्र छानो छाउने कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

(ख) कार्य सम्पन्न भएपछि दोस्रो पक्षले वडा कार्यालयमा कार्य सम्पन्न प्रतिवेदनका लागि निवेदन दिनुपर्नेछ ।

(ग) गाउँपालिकाको प्राविधिकले स्थलगत नापजाँच गरी सिफारिस गरेपछि मात्र अनुदान रकम भुक्तानी प्रक्रिया अगाडि बढ्नेछ ।

**४. भुक्तानी विधिः**

(क) अनुदान रकम दोस्रो पक्षको बैंक खातामा सोझै जम्मा गरिनेछ । नगद भुक्तानी गरिने छैन । प्राविधिक मूल्याङ्कनमा कार्यविधि बमोजिमको मापदण्ड पुरा नभएको खण्डमा अनुदान रकम रोक्का गर्न प्रथम पक्ष स्वतन्त्र रहनेछ ।

**५. दिगोपन र संरक्षणः**

(क) यो अनुदान प्राप्त गरी निर्माण गरिएको काठको छानो दोस्रो पक्षले कम्तिमा ५ वर्षसम्म परिवर्तन गर्न पाउने छैन ।

ख) भविष्यमा घरको मर्मत सम्भार गर्दा समेत मौलिक स्वरूप नबिग्रने गरी गर्नुपर्नेछ ।

**६. सम्झौता भङ्ग र दण्ड सजायः**

(क) यदि दोस्रो पक्षले झुट्टा विवरण पेश गरी वा अर्कैको घरलाई आफ्नो देखाई अनुदान लिएको ठहरिएमा लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

आमछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

(ख) सम्झौता बमोजिम काम नगरेमा वा बीचैमा काम छोडेमा अनुदान प्राप्त हुने छैन ।

**७. मञ्जुरीनामाः**

हामी प्रथम र दोस्रो पक्ष माथि उल्लेखित सबै सर्तहरू पालना गर्न मञ्जुर छौं । यो सम्झौता पत्रका दुई प्रति मध्ये एक प्रति गाउँपालिकामा रहनेछ र अर्को प्रति घरधनीसँग रहनेछ ।

प्रथम पक्षको तर्फबाट (हस्ताक्षर):
नामः ........................................
पदः ........................................
मितिः ........................................(कार्यालयको छाप)
दोस्रो पक्ष (घरधनीको हस्ताक्षर):
हस्ताक्षरः ....................................
मितिः ........................................
रोहवरमा (साक्षी): १. ........................................ (वडा कार्यालय प्रतिनिधि)
२. ........................................ (स्थानीय बासिन्दा/साक्षी)

| दायाँ औँठा: | बायाँ औँठा: |
|---|---|
| | |

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner